# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, वैशाख २२ गते २०६३ साल (अतिरिक्ताङ्क १०

## भाग ३

### श्री ५ को सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको सूचना

२०६१ साल माघ १९ गतेपछि राजनैतिक दलहरूद्वारा सञ्चालित शान्तिपूर्ण संयुक्त जन आन्दोलनका क्रममा प्रतिगामी सरकारका तर्फबाट आन्दोलनकारीहरूमाथि भएका दमनका घटनाहरूबाट देशका विभिन्न भागमा भएका जनधनको क्षति, त्यस क्रममा भएको राष्ट्रिय ढुकुटीको दुरुपयोग, सत्ता र शक्तिको दुरुपयोग, पदको दुरुपयोग, मानवअधिकारको उल्लंघनको जाँच गरी दोषी पत्ता लगाई निजहरू उपर गर्नु पर्ने कानूनी कारवाहीका सम्बन्धमा समेत राय, ठहर र सुझाव सहितको प्रतिवेदन पेश गर्न श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको उच्च-स्तरीय जाँचबुझ आयोग गठन गरी सो आयोगको काम, कर्तव्य र अधिकार सोही ऐनको दफा ४ बमोजिम हुने गरी आयोगले गर्नु पर्ने काम र कार्यविधि देहायबमोजिम तोकेको छः–

क) आयोगको गठनः

१ श्री कृष्णजंग रायमाझी, पूर्व न्यायाधीश,
सर्वोच्च अदालत – अध्यक्ष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. श्री हरिहर विरही, पूर्व सभापति, नेपाल पत्रकार महासंघ – सदस्य

३. श्री रामप्रसाद श्रेष्ठ, पूर्व उपाध्यक्ष, नेपाल बार एशोसिएसन – सदस्य

४. श्री रामकुमार श्रेष्ठ, अधिवक्ता – सदस्य

५. डा. किरण श्रेष्ठ, महासचिव, नेपाल चिकित्सक संघ – सदस्य

ख) आयोगको कामः

१. २०६१ साल माघ १९ गतेपछि राजनैतिक दलहरूद्वारा सञ्चालित शान्तिपूर्ण जन आन्दोलनको क्रममा भएका दमनकारी घटनाहरूमा भएका जनधनको क्षति, त्यस क्रममा भएको राष्ट्रिय ढुकुटीको दुरुपयोग, सत्ता र शक्तिको दुरुपयोग, पदको दुरुपयोग, मानव अधिकारको उल्लंघन लगायतका कार्यको छानबीन गरी सत्य तथ्य पत्ता लगाउने ।

२. आन्दोलनका क्रममा भएको जनधनको क्षति, त्यस क्रममा भएको राष्ट्रिय ढुकुटीको दुरुपयोग, सत्ता र शक्तिको दुरुपयोग, पदको दुरुपयोग, मानव अधिकारको उल्लंघन लगायतका कार्यहरू कस्को निर्णय, आदेश, परिचालन, निर्देशन, उक्साहट, प्रेरणा, योजना र क्रुरताबाट भएको हो र त्यसबाट के कस्तो क्षति, नोक्सानी, दुरुपयोग र उल्लंघन भएको छ सो समेत पत्ता लगाउने ।

३. यस सम्बन्धमा सरकारले को को उपर के कस्तो कारवाही गर्नुपर्ने हुन्छ सो को राय ठहर र सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।

४. माथिका प्रकरणहरू बमोजिम काम गर्नको लागि आयोगले उक्त ऐन बमोजिमका सबै अधिकारहरू प्रयोग गर्ने ।

ग) आयोगको कार्यावधिः

आयोगको कार्यावधि आयोगले काम शुरु गरेको मितिले २ (दुई) महिनाको हुनेछ ।

आज्ञाले,
नारायणप्रसाद सिलवाल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।